मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ५३ किलोग्राम गाँजासहित ७ जना पक्राउ

हेटौंडा, १६ पुस/मकवानपुर प्रहरीले ७ जनालाई लागूऔषध गाँजासहित पक्राउ गरेको छ । मकवानपुरको मनहरी गाउँपालिका-७ मनहरी बजारबाट ५३ किलो ५७० ग्राम गाँजासहित ७ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता पुष्कर बोगटीले जानकारी दिएका छन् । पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-९ अठारे घरभई हाल चितवन राप्ती नगरपालिका-१ पिप्ले बस्दै आएका ४८ वर्षीय होमराज अधिकारी, राक्सिराङ-९ कै ३० वर्षीय हीरालाल प्रजा, १९ वर्षीय सुकराम प्रजा, १९ वर्षीय रामशरण प्रजा, २५ वर्षीया विन्दुमाया प्रजा, २९ वर्षीया रञ्जिता प्रजा र अन्दाजी ३० वर्षीया सुक्रमाया प्रजालाई नियन्त्रणमा लिइएको हो । इलाका प्रहरी कार्यालय मनहरी मकवानपुरबाट खटिएको प्रहरी टोलीले चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०१-००६ ख ७७०१ नम्बरको यात्रुबाहक बसलाई शंका लागेर रोकि जाँच गर्ने क्रममा लुकाइछिपाइ ल्याएको अवस्थामा गाँजा बरामद गरिएको प्रवक्ता बोगटीले बताए । लागूऔषधसहित सात जनालाई नियन्त्रणमा लिई जिल्ला अदालत मकवानपुबराट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### राष्ट्रियसभा चुनावका लागि हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना

# राष्ट्रियसभामा दुई जना सदस्यको लागि निर्वाचन हुँदै

मनिल महतो

हेटौंडा, १६ पुस/ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि बागमती प्रदेशको राजधानी हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

प्रदेश निर्वाचन कार्यालयमै राष्ट्रियसभा निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय राखिएको हो । कार्यालयको बुधबार जिल्ला न्यायाधीश तथा निर्वाचन अधिकृत गीता श्रेष्ठले उद्घाटन गरेकी हुन् । उद्घाटनसँगै उनले निर्वाचन अधिकृतको पदभार ग्रहण गरिन् । कार्यालय स्थापना भएसँगै राष्ट्रियसभा निर्वाचनको औपचारिक प्रक्रिया सुरु भएको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिएका छन् । उनका अनुसार बागमती प्रदेशमा दुईजना राष्ट्रियसभा सदस्यका लागि निर्वाचन हुँदैछ । तीमध्ये एकजना महिला र एकजना अन्य समूहबाट निर्वाचित हुनेछन् ।




हाल बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्य रहेका तत्कालीन नेकपा (माओवादी केन्द्र) की गंगाकुमारी बेलवासे र तत्कालीन नेकपा एकीकृत (समाजवादी) का बेदुराम भुषालको पदावधि २०८२ फागुनबाट सकिन लागेको छ । राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख-उपप्रमुखले मतदान गर्न पाउने व्यवस्था छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार बागमती प्रदेशसभाका एक सय १० जना सदस्य र प्रदेशका १३ जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख २ सय ३८ जना गरी कुल ३ सय ४८ जना मतदाता रहेका छन् ।

मतभारको हिसाबले स्थानीय तहका प्रमुख-उपप्रमुखको कुल मतभार ४ हजार ५ सय २२ र प्रदेशसभा सदस्यको मतभार ५ हजार ८ सय ३० गरी जम्मा १० हजार ३ सय ५२ मतभार रहेको छ । निर्वाचनका लागि हेटौंडा उपमहानगरपालिका-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयलाई मतदानस्थल तोकिएको छ । जहाँ, दुईवटा मतदान केन्द्र रहनेछन् । विद्यालयको 'बी' ब्लकमा मतदान हुनेछ भने प्राविधिक भवनमा मतगणना गरिने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । बुधबार नै मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलगायत सुरक्षा निकायका प्रमुखले मतदानस्थलको निरीक्षण गरेका छन् ।

निर्वाचनका लागि प्रतिमतदान केन्द्र ८ जनाको दरले १६ जना कर्मचारी खटाइने जानकारी दिइएको छ । मतदान प्रक्रियाअनुसार प्रदेशसभा सदस्यले सेतो कागजमा हरियो रङको मसिले विवरण तथा चिन्ह उल्लेख गर्नेछन् भने स्थानीय तहका प्रतिनिधिले रातो रङको मसिले मतदान गर्नेछन् । निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनका लागि माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान समय तोकेको छ । निर्वाचन कार्यतालिकाअनुसार पौष १९ गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन हुनेछ ।

सोहीदिन ११ बजेदेखि पौष २० गते अपरान्ह ४ बजेसम्म दाबी विरोधका उजुरी दिन सकिनेछ । पौष २१ र २२ गते उजुरीमाथि छानबीन हुनेछ भने पौष २२ गते दिउँसो ३ देखि ४ बजेसम्म अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ । पौष २३ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता, सोही दिन ३ देखि ४ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । पौष २४ गते उम्मेदवारविरुद्ध उजुरी, पौष २५ र २६ गते उजुरी तथा मनोनयनपत्रमाथि जाँचबुझ गरिनेछ । पौष २६ गते दिउँसो ३ बजे उम्मेदवारको नामावली प्रकाशन, पौष २७ गते नाम फिर्ता र अन्तिम नामावली प्रकाशन तथा पौष २८ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

**कांग्रेसको मतभार धेरै**

बागमती प्रदेशको कुल मतदाता ११० प्रदेशसभा सदस्यको मतभार ५ हजार ८३० हुन आउँछ भने स्थानीय तहका २३७ पदाधिकारीको मतभार ४ हजार ५०३ हुन्छ । यसरी बागमती प्रदेशअन्तर्गत राष्ट्रियसभा निर्वाचनमा मतदाताको कुल मतभार १० हजार ३३३ हुन्छ ।

बागमती प्रदेशमा नेपाली कांग्रेसको मतभार अन्य दलको तुलनामा धेरै छ । कांग्रेससँग प्रदेशसभामा ३७ सिट छ । स्थानीय तहतर्फ कांग्रेसका १०८ प्रमुख तथा उपप्रमुख रहेकोमा एकजना मतदानमा सहभागी हुन नपाउने भएकाले १०७ जनामात्र मतदाता हुनेछन् । प्रदेशसभातर्फ १ हजार ९६१ र स्थानीय तहतर्फ २ हजार ३३ गरी कांग्रेसको कुल मतभार ३ हजार ९९४ हुन आउँछ । बागमती प्रदेशमा नेकपा एमाले २ हजार ५७१ मतभारका साथ दोस्रो स्थानमा छ भने नेकपा माओवादी केन्द्रको २ हजार १९६ मतभार र नेकपा एकीकृत समाजवादीको ५४२ मतभार छ । हाल माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएको अवस्थामा यी दुवै दलको मतभार २ हजार ७३८ हुन आउँछ ।

प्रदेशसभामा १३ सिट भएको राप्रपाको कुल मतभार ७०८ मात्र छ भने नेमकिपाको १९७, हाम्रो नेपाली पार्टीको १०६ र स्वतन्त्र उम्मेदवारको १९ मतभार छ । ५९ सदस्यीय राष्ट्रियसभामा प्रत्येक २ वर्षमा एकतिहाइ सदस्यको पदावधि सकिने र उनीहरुको ठाउँमा नयाँ चयन हुने व्यवस्था छ ।

सोही क्रममा अहिले राष्ट्रियसभाका १९ सदस्य पदरिक्त हुन लागेको हो । तीमध्ये १८ जना निर्वाचनका माध्यमबाट राष्ट्रियसभा सदस्य भएका हुन् भने एकजना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत भएका हुन् । सोहीअनुसार रिक्त हुने पदमा पूर्तिका लागि १८ जना निर्वाचनका माध्यमबाट र एक जना राष्ट्रपतिबाट मनोनीत हुनेछन् ।

# नेपाल संवत् नेपालीको एकमात्र मौलिक संवत: प्रदेशप्रमुख देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपक प्रकाश देवकोटाले नेपाल संवत् नेपाल र सबै नेपालीको एकमात्र मौलिक संवत् भएकाले यसलाई सबैले आत्मसाथ गरेर जानुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय विभूति शखधर साख्वाः प्रतिष्ठानले भक्तपुरमा आयोजना गरेको नेपाल संवत् र शंखधर साख्वाः पुस्तक विमोचन कार्यक्रममा उनले राष्ट्रिय विभूति शंखधर साख्वाः र नेपाल संवत् दुवै राष्ट्रका गौरव भएकाले यसलाई लिपिबद्ध गर्दै जानु आवश्यक रहेको बताएका हुन् । ओझेलमा परेको ऐतिहासिक व्यक्तित्व साख्वाः र नेपाल संवतलाई उजागर गर्दै संरक्षण गर्न निरन्तर लागिरहनु गौरवको विषय भएको बताउँदै उनले यसमा मध्यपुरथिमिको नागरिक समाज, अभियन्ताको भूमिका महत्वपूर्ण रहेको चर्चा गरे ।


प्रदेशप्रमुख देवकोटाले मस्तिष्क र हृदयको संगम रहेको दुर्लभ मानवका रुपमा साख्वालाई लिन सकिने उल्लेख गर्दै कुनै पनि राजनीतिक भूमिकामा आबद्ध नरहेर पनि समाजवाद, सर्वहारावादका क्रान्तिका नायकका रुपमा आफूलाई उभ्याउँदै उनले गरिब किसानको ऋणमोचन गरी सर्वसाधारणको पीडामा मलम बन्नुभएको बताए । सुसंस्कृति र सुशासन युक्त समाज निर्माणको प्रेरणाकारुपमा साख्वालाई लिन सकिने उनको भनाइ थियो । उनले भने, 'नेपाल संवतलाई नेवारी संवतको रुपमा बुझ्नु इतिहासको अल्पज्ञान हो, नेपाल संवत् सबै नेपाल र नेपालीको मौलिक संवत् हो, सभ्य, सुसंस्कृत र संवृद्ध देश निर्माणमा साख्वाबाट धेरै सिक्नु जरुरी छ ।'

बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले भाषा, कृति, कला, संस्कृतिको संरक्षण एवं प्रवर्द्धनमा साख्वाःको भूमिका महत्वपूर्ण रहेको चर्चा गरेका थिए । मन्त्री थापामगरले भने, 'प्रदेश सरकारले नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजमा ल्याउन र सरकारी कार्यालयमा प्रयोग गर्न ऐन बनाएर सुरुवात गरेका छौं । सरकारी कामकाजमा प्रयोगमा ल्याइसकेका छौं ।' हरेक जातजातिका भाषा, कला, संस्कृतिको संरक्षण गर्न प्रदेश सरकारले प्रतिष्ठानका लागि बजेट विनियोजन गरेको बताउँदै उनले पुस्तकालय सञ्चालन र अन्य शीर्षकमा प्रदेश सरकारले बजेटका विनियोजन गरेको उल्लेख गरे ।

उपत्यकामा मात्र नभई विभिन्न जिल्लामा बसाइ सरेर गएका नेवारको भाषा, कला, संस्कृतिको क्षेत्रमा संरक्षण र विकासमा लाग्नु आवश्यक रहेको उनले बताए । कार्यक्रममा नेपाल भाषा एकेडमीका चान्स्लर मल्लके. सुन्दर, मध्यपुर थिमि नगरपालिका प्रमुख सुरेन्द्र श्रेष्ठ, भाषाविद् सुरेश मानन्धर, प्राडा पुरुषोत्तमलोचन श्रेष्ठलगायतले शंखधर साख्वाले पुऱ्याएको योगदानको चर्चा गरे । प्रतिष्ठानका अध्यक्ष एवं कार्यक्रमका सभापति ज्ञानराम श्रेष्ठले नेपाल संवत् र शंखधर साख्वाको योगदानलाई देशव्यापी फैलाउन प्रकाशित गरिएको पुस्तकको प्रकाशन गरेको बताए ।




# हेटौंडा र मनहरीमा दुई दिन विद्यालय बन्द हुने


हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
पत्र संख्या :- २०८२/०८३
महाशाखा :- शिक्षा विकास महाशाखा
चलानी नं. :- ३८०
मिति: २०८२/०९/१६
श्री सामुदायिक तथा संस्थागत विद्यालय (मन्टेश्वरीसमेत) (सबै)
हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/बढ्दो चिसोका कारण हेटौंडा उपमहानगर पालिकाले नगरक्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा २ दिन पठनपाठन बन्द गर्ने सूचना दिएको छ ।

शिक्षा विकास महाशाखा मार्फत् जारी सूचनाअनुसार चिसोका कारण विद्यार्थीको स्वास्थ्यमा प्रत्यक्ष असर पर्न सक्ने अवस्था देखिएकाले यस्तो निर्णय गरिएको हो । उपमहानगरपालिकाले विद्यालयलाई वार्षिक कार्यतालिकामा व्यवस्था गरिएको स्थानीय विदाबाट कट्टा हुने गरी जाडो विदा दिन आग्रह गरेको छ । सूचनाअनुसार यही पुस १७ र १८ गतेस २ दिन विद्यालयमा जाडो विदा लागू हुनेछ । नगरपालिकाले भौतिकरुपमा आवश्यक व्यवस्था मिलिसकेका विद्यालयले चाहेमा जाडो मौसममा पनि विद्यालय नियमितरुपमा सञ्चालन गर्न सक्ने व्यवस्था रहेको स्पष्ट पारेको छ ।

त्यसैगरी मनहरी गाउँपालिकाले पनि अत्यधिक चिसो र शीतलहरका कारण गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयमा दुईदिन विदा दिने निर्णय गरेको छ । गाउँ कार्यपालिकाको कार्यालय, मनहरीले जारी गरेको सूचनाअनुसार पछिल्लो केही दिनदेखि निरन्तर बढ्दै गएको चिसो र शीतलहरले विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्था देखिएको छ । साथै नियमित पठनपाठन सञ्चालन गर्न कठिनाइ उत्पन्न भएकाले मिति २०८२ साल पौष १७ र १८ गते दुईदिन विद्यालय बन्द रहने जनाइएको छ ।

यो विदा वर्षेविदाबाट मिलान हुने गरी लागू गरिने सूचनामा उल्लेख गरिएको छ । यो निर्णय मनहरी गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत सबै विद्यालयमा लागू हुने गाउँपालिकाले स्पष्ट पारेको छ ।

गाउँपालिकाले चिसोको प्रभावबाट विद्यार्थीलाई जोगाउन आवश्यक सावधानी अपनाउनसमेत अभिभावक तथा विद्यालय प्रशासनलाई आग्रह गरेको छ ।

# नेपालमै पहिलोपटक माउन्टेन बाइक गाइड लाइसेन्स




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेश सरकारले नेपालमै पहिलोपटक माउन्टेन बाइक गाइडलाई लाइसेन्स (ईजाजतपत्र) वितरण गरेको छ । प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले २४ जना माउन्टेन बाइक गाइडलाई लाइसेन्स (ईजाजतपत्र) वितरण गरेका हुन् ।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट तालिम लिएका २४ जना माउन्टेन बाइक गाइडलाई ५ वर्षका लागि ईजाजतपत्र वितरण गरिएको प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले जानकारी दिएका छन् । साहसिक पर्यटनलाई व्यवस्थित, सुरक्षित र अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यसहित प्रदेशको पर्यटन ऐनमा भएको व्यवस्था अनुसार ईजाजतपत्र वितरण गरिएको उनले बताए । प्रदेशभित्र माउन्टेन बाइक रुटको पहिचान तथा प्रवर्द्धनसमेत अघि बढाइएको उनले बताए । प्रदेश सरकारले हिमाल, पहाड र ग्रामीण भूभागले भरिपूर्ण बागमती प्रदेशलाई माउन्टेन बाइकिङको प्रमुख गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य लिएको सचिव सुवेदीले बताए ।

उनकाअनुसार यसअघि कानुनी संरचना नहुँदा अनौपचारिकरुपमा सञ्चालन हुँदै आएको माउन्टेन बाइक गाइडिङलाई अब विधिसम्मत बनाइएको हो । 'बागमती प्रदेशको भूगोल माउन्टेन बाइकिङका लागि अत्यन्त उपयुक्त छ । गाइड लाइसेन्समार्फत् सुरक्षा, गुणस्तर र उत्तरदायित्व सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय सहभागिता बढाउने हाम्रो लक्ष्य हो' उनले बताए । प्रदेश सरकारकाअनुसार लाइसेन्स प्राप्त गाइडमार्फत सञ्चालन हुने माउन्टेन बाइकिङ्ले पर्यटकको सुरक्षाका साथै प्रदेशको पर्यटन छविमा सुधार ल्याउने अपेक्षा गरिएको छ । यसले स्थानीय युवालाई रोजगारीको नयाँ अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।

काठमाडौं उपत्यका आसपास, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ जस्ता जिल्लामा अन्तर्राष्ट्रियस्तरका माउन्टेन बाइक रुट विकासको सम्भावना रहेको छ । यी क्षेत्रलाई लक्षित गरी ट्रेल म्यापिङ, रुट वर्गीकरण र आवश्यक पूर्वाधार विकास तयारी प्रदेश सरकारले गरेको छ ।

प्रदेश सरकारले आगामी दिनमा प्रदेशभित्र माउन्टेन बाइक रुट अन्वेषण गर्दै यसमा अन्तर्राष्ट्रिय स्तरको सहभागिता सुनिश्चित गर्ने योजना बनाएको छ । जसका लागि अन्तर्राष्ट्रिय माउन्टेन बाइक इभेन्ट आयोजना गर्ने, विदेशी टुर अपरेटरसँग सहकार्य बढाउने र बागमती प्रदेशलाई माउन्टेन बाइक फ्रेन्डली डेस्टिनेसनका रुपमा चिनाउने योजना बनाएको जनाइएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# चिसो बढेपछि बालबालिका प्रभावित

पछिल्ला दिनमा एकाएक बढेको चिसोका कारण ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका बढी प्रभावित भएका छन् । विद्यालय बन्द गरी बालबालिकालाई छुट्टी दिने विषयमा बहस भइरहेको छ । बढ्दो चिसोका कारण हेटौंडा उपमहानगरपालिकाले नगरक्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा २ दिन पठनपाठन बन्द गर्ने सूचना दिएको छ । शिक्षा विकास महाशाखामार्फत् जारी सूचनाअनुसार चिसोका कारण विद्यार्थीको स्वास्थ्यमा प्रत्यक्ष असर पर्न सक्ने अवस्था देखिएकाले यस्तो निर्णय गरिएको हो । उपमहानगरपालिकाले विद्यालयलाई वार्षिक कार्यतालिकामा व्यवस्था गरिएको स्थानीय विदाबाट कट्टा हुने गरी जाडो विदा दिन आग्रह गरेको छ । पुस १७ र १८ गतेस २ दिन विद्यालयमा जाडो विदा लागू हुनेछ । मनहरी गाउँपालिकाले अत्यधिक चिसो र शीतलहरका कारण गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयमा दुईदिन विदा दिने निर्णय गरेको छ । मनहरीले जारी गरेको सूचनाअनुसार पछिल्लो केही दिनदेखि निरन्तर बढ्दै गएको चिसो र शीतलहरले विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्था, नियमित पठनपाठन सञ्चालन गर्न कठिनाइ उत्पन्न भएकाले १७ र १८ गते दुईदिन विद्यालय बन्द रहने जनाइएको छ । यो विदा वर्षेविदाबाट मिलान हुने गरी लागू गरिने सूचनामा उल्लेख गरिएको छ ।

गाउँपालिकाले चिसोको प्रभावबाट विद्यार्थीलाई जोगाउन आवश्यक सावधानी अपनाउन अभिभावक तथा विद्यालय प्रशासनलाई आग्रह गरेको छ । सामुदायिक विद्यालयका शिक्षकलाई विद्यालय बन्द गर्दा ठूलो आरोप खेप्नुपर्छ भन्ने चिन्ता देखिएको छ । बालबालिकासँग न्यानो कपडा छैन । सामान्य एकसरो विद्यालय पोशाकको भरमा विद्यालय आउने बालबालिकालाई चिसोबाट बच्नका लागि विद्यालय छुट्टी दिनुको बिकल्प पनि सामुदायिक विद्यालयसँग छैन । चिसो बढेपछि बालबालिकाले कक्षाकोठामा ध्यान दिन सक्दैनन् । विद्यालय आउने र जाने कार्य पनि प्रभाबित भएको छ । ग्रामीण क्षेत्रका अधिकांश विद्यालयमा विद्यार्थीको उपस्थिति ५० प्रतिशत कम भएको छ । विद्यालयमा अध्ययन अध्यापन प्रभावकारी हुन नसकेपछि बिकल्प खोजी गर्नैपर्छ । विद्यालय छुट्टी गर्नका लागि पालिकाले निर्णय गर्न सक्छ र गर्नुपर्छ । चिसोका कारण विद्यालयमा दिइएको छुट्टीको क्षति केहीदिनपछि बिदाको दिन अध्यापन गराउन सकिन्छ । तराईका केही जिल्लामा चिसोका कारण एक साताका लागि विद्यालय बिदा दिइएको छ । यतिबेला सामुदायिक विद्यालयको गुणस्तरको विषयमा चिन्ता ब्यक्त गर्नेहरुले शिक्षकलाई नै दोषि देखिरहेका छन् । अझ सामाजिक संजालमा हेर्ने हो भने शिक्षकलाई तथानाम गालिगलौजको भाषा प्रयोग भइरहेको छ । ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय सम्बन्धित वडाको राजनीति गर्ने थलोको रुपमा विकसित भएको छ । अभिभावकको आरोप शिक्षकले पढाएनन् भन्ने नै हो । शिक्षकले दोष विद्यार्थीमाथि थोपरिरहेका छन् । पछिल्लो समय विद्यार्थीले पढाइमा ध्यान दिनै छोडेका छन् । कोभिड-१९ महामारीपछिका दिनमा बालबालिकाको सिकाइउपलब्धीमा लगातार ह्रास आइरहेको छ । प्रकृतिमा आएको परिवर्तनले पनि विद्यालय शिक्षामा असर गरेको छ । गर्मीमा चर्को गर्मी हुने, जाडोमा बढी जाडो हुने, वर्षामा बढी वर्षा हुने आदि कारणले पनि समस्या आएको देखिन्छ । प्राकृतिक समस्याबाहेक मानवसृर्जित समस्याले पनि सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्केको छ । एउटा शिक्षक उच्चमनोबलका साथ कक्षाकोठामा पस्ने वातावरण नबनेसम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुनै सक्दैन । भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयमा स्थानीय सरकारको चासो कम छ । विद्यालय शिक्षाको पूर्वाधारमा लगानी गर्न स्थानीय सरकारलाई 'काउसोको माला' झैं भएको छ । शिक्षकले तलब मात्र खान्छन्, कक्षाकोठामा प्रभावकारी काम भएन भन्ने गलत भाष्य स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा सुधार गर्न सकिन्छ भनेर केही उदाहरणीय प्रयासको थालनी भएका छन् ।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारलाई सदुपयोग गर्ने र विद्यार्थीलाई अध्ययनको वातावरण बनाउने हो भने परिवर्तन सम्भव छ भनेर लाग्नेहरुको संख्या पनि बढेको छ । थोरै भएपनि सकारात्मक भएर प्रतिक्रिया दिने हो भने आशा पलाउन सुरु हुने थियो । सामुदायिक विद्यालयमा विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने थियो । प्रधानाध्यापकको नेतृत्व सवल र सक्षम हुने हो भने विद्यालय सफल हुन धेरै पर्खनु पर्दैन । तर, हाम्रो समाजमा राम्रो गर्न खोज्ने प्रअलाई हटाउने खेल सुरु भइहाल्छ । यस्तो खेल तपाई हाम्रै गाउँघरमा टोलछिमेकमा हुन्छ टाढा जानै पर्दैन । सामुदायिक विद्यालयमा देखिएका समस्या चुनौती मात्र होइन अवसर पनि हो । शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाई उपलब्धी बढ्दैन । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त लगानी गर्न जरुरी छ । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षापछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन सकिने अवस्था छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १८ गते शुक्रबार २ जनवरी २०२६ । चतुर्दशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# किन महत्वपूर्ण छ विदेशमा लगानी गर्न दिने विषय ?



✍गुरुप्रसाद पौडेल

२०४६ सालपछि वित्तीय क्षेत्र उदारीकरण अन्तर्गत गरिएका प्रमुख परिवर्तनमध्ये चालु खाताको पूर्ण परिवर्त्यता एक हो । यो व्यवस्थाले लाइसेन्स राजको अन्त्यसँगै वस्तु तथा सेवा आयात गर्न चाहिने विदेशी मुद्रा सटही सुविधा सहजमात्र बनाएन, आयप्राप्ति तथा चालु प्रकृतिका स्थानान्तरणका लागिसमेत सहज बनाएको थियो ।

देशको समग्र आर्थिक नीति संरचनात्मक परिवर्तन गर्ने क्रममा विदेशी विनिमय क्षेत्रमा हावी भइरहेका कठोर नीति क्रमश : खुकुलो पार्ने क्रमलाई निरन्तरता दिँदै केन्द्रीय बैंकले सोमबार मात्रै विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ को पाँचौं संशोधन गरेको छ । तर, अर्थतन्त्रका अन्य क्षेत्रका तुलनामा विदेशी विनिमय प्रणालीमा भएको सुधारको गति अलि सुस्त छ । त्यसरी उदार हुन नसक्नुमा नीतिनिर्माताले बलियो र दिगो विदेशी मुद्राको स्रोत नभेटेर पनि हुन सक्छ ।

नेपालले ४० कै दशकमा चालु खाताको पूर्ण परिवर्त्यता गरे पनि औपचारिक रूपमा पूँजी खाता परिवर्त्यताको घोषणा भने गरेको छैन । तथापि, नेपालका पछिल्ला कानुन उदारीकरण लय हेर्दा नेपाल क्रमिक रूपमा पूँजी खाता परिवर्त्यतातर्फ अगाडि बढेको छ । पछिल्लो समय अर्थशास्त्रीबीच पनि पूँजी खाताको परिवत्यर्ताको विषय केन्द्रमा रहने गरेको अवस्थामा केन्द्रीय बैंकको विनियमावली संशोधनले उनीहरूको तर्कलाई पनि सार्थकता प्रदान गर्नतर्फ उन्मुख देखिन्छ ।

२०२१ सालको परिप्रेक्ष्यमा लागु गरिएको विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन अझै पनि क्रियाशील छ भने २०१९ सालमा तयार गरिएको विदेशी विनिमय नियमित गर्ने ऐन नै यो क्षेत्रको मियो ऐन हो । विदेशी विनिमय नियमित गर्ने ऐनमा भएका पछिल्ला संशोधन (२०८२ जेठ १८ को संशोधन विशेष मानिन्छ) को जगमा टेकेर नेपाल राष्ट्र बैंकले यस क्षेत्रमा केही उदार व्यवस्था गर्दै आएको छ ।

विदेशी लगानी तथा ऋणका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५ समेत कार्यान्वयनमा आएका छन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण क्षेत्रमा यी ऐनमा सुझाइएका विषयको प्रभावकारी कार्यान्वयन गर्न संस्था तथा संरचना खरो उत्रन नसकेका भने पक्कै हुन । यो लेखमा राष्ट्र बैंक सञ्चालक समितिले तयार गरेको विदेशी विनिमयको क्षेत्रमा सफल र प्रभावकारी मानिएको एउटा विनियमावलीको समय सापेक्ष संशोधनका विषयलाई चर्चा गरिएको छ ।

करिब पाँच वर्षअघि राष्ट्र बैंकले विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ जारी गरेको थियो । विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी राष्ट्र बैंकले समय-समयमा जारी गरेका दर्जनौं परिपत्र एकीकरण गरी यो विनियमावली तयार थियो ।

२०७८ सालमा जारी विनियमावलीमा २०८० सम्म तीन पटक संशोधन भइसकेको थियो । प्रत्येक संशोधनले विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी व्यवस्थामा लचकता थप्दै आएको छ । नवनियुक्त गभर्नरले नियुक्ति भएलगत्तै बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल गठन गरी बैंकिङ नीति नियमन थप उदार बनाउने घोषणा गरेसँगै नीतिगत सहजताका आन्तरिक गृहकार्य पनि सोही अनुसार अघि बढ्यो । कार्यदलले प्रतिवेदनमा विदेशी लगानी देशभित्र आकर्षण गर्न विदेशी विनिमय सम्बन्धी नीति/नियम थप उदार बनाउन सुझाएको छ ।

कार्यदलको सुझावका आधारमा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ संशोधन गरिने छ' भन्ने विषयले स्थान पायो ।

मौद्रिक नीतिमा भएको व्यवस्था कार्यान्वयन गर्ने क्रममा केन्द्रीय बैंकले विनियमावलीका पाँचौं संशोधन तयारी सुरु गरेको थियो । यही पृष्ठभूमिमा विदेशी लगानी तथा ऋणसम्बन्धी विनियमावलीको पाँचौं संशोधन भएको छ । यो संशोधन अन्यभन्दा धेरै उदार पनि छ ।

यसले विदेशी लगानी तथा विदेशी ऋणमा थप लचकता थपेको छ । संशोधनले विदेशमा लगानी गर्न तथा लाभांश फिर्ता लैजाने विषयलाई केन्द्रीय बैंकबाट वाणिज्य बैंकमा हस्तान्तरण गरेको छ । त्यसैगरी सूचना प्रविधि कम्पनीले विदेशमा २० हजार अमेरिकी डलर बराबर लगानी सहजै लैजान सकिने भएको छ । समान्य प्रक्रियामा मात्र पूरा गरे हुने व्यवस्था गरेको छ । साथै, विगतका सर्तसमेत हटाइएको छ ।

यसले विदेशी लगानी भित्र्याउन मात्र सकिने अवस्था सुधार गर्दै विदेश लैजान समेत सहजीकरण गरेको छ । यसभन्दा अघि नेपालमा लगानी ल्याउन सकिने भए पनि नेपालबाट बाहिर लगानी लैजान सक्ने अवस्था थिएन । यो विनियमावली संशोधन गरेसँगै लगानी लैजाने व्यवस्था पनि थप सहज भएको स्पष्ट छ ।

**यस्ता छन् संशोधनका मुख्य व्यवस्था**

-विदेशी लगानी भित्र्याउन तथा लगानी फिर्ता गर्न वाणिज्य बैंकलाई थप जिम्मेवार बनाइएको छ । अबदेखि विदेशी लगानी स्वीकृति दिने निकायबाट स्वीकृति प्राप्त गरिसकेपछि नेपाल राष्ट्र बैंक नै नआइ विदेशी लगानी भित्र्याउन र त्यस्तो लगानीबाट आर्जित रकम लाभांशका रूपमा फिर्ता लैजान तथा बिक्री गरेर विदेशी लगानी नै फिर्ता लैजान सकिने भएको छ ।

साविकमा ग्रिनफिल्ड (पूर्णरूपमा नयाँ कम्पनी स्थापना तथा बजारमा आवश्यक सबै संरचना निर्माण गर्ने) विदेशी लगानी भित्र्याउन जति लचकता थियो अब ब्राउनफिल्ड (पहिल्यै स्थापना भएर सञ्चालनमा रहेको कम्पनी) लगानीमा समेत त्यस्तै लचकताको प्रावधान यो संशोधनले थप गरेको छ । विदेशी लगानी भित्र्याइ नयाँ उद्योग, कारखाना निर्माण वा कम्पनी, स्थापना गरिने कार्य ग्रिनफिल्ड विदेशी लगानी हो भने पहिले नै पूर्ण वा आंशिक सञ्चालनमा रहेका उद्योग तथा कम्पनीमा लगानी गरी आधुनिकीकरण गर्ने कार्य ब्राउनफिल्ड लगानी हो ।

- सूचना प्रविधिमूलक उद्योगले निश्चित सर्तका आधारमा १० लाखसम्मको लगानी विदेशमा गर्न सक्ने साविकको व्यवस्थामा अझ थप लचकता अपनाइएको छ । अबदेखि नयाँ सूचना प्रविधिमूलक उद्योगले समेत २० हजार डलरसम्म विदेशमा लगानी गर्न बिउ पूँजीका रूपमा लैजान सक्नेछन् । विश्वभरि फैलिएको नेपाली डायस्पोरा र जनसंख्याको ठूलो अंश युवा रहेको नेपालले जनसांख्यिक लाभ लिन यसले सघाउने छ ।

- विदेशी लगानी भित्र्याउने फर्म वा कम्पनी कालोसूचीमा रहेको हुन नहुने साविकको व्यवस्थामा थप लचकता अपनाइएको छ । अबदेखि नेपालमा कालोसूचीमा रहेका फर्म वा कम्पनीले पनि विदेशबाट लगानी ल्याउन सक्नेछन् । तर, कालोसूचीमै रहिरहेको अवस्थामा विदेशी लगानी फिर्ता लैजान तथा लाभांश फिर्ता लैजान भने नसक्ने व्यवस्था राखिएको छ ।

- यस अतिरिक्त विदेशी लगानी भित्र्याउन तथा त्यस्तो लगानीबाट आर्जित रकम लाभांशका रूपमा फिर्ता लैजान वा बिक्री गरेर विदेशी लगानी नै फिर्ता लैजान विनियमावलीको अनुसूचीमा उल्लिखित कागजातमा सरलीकरण गरिएको छ । जस अनुसार विदेशी लगानी भित्र्याउन एउटा निकायमा कागजात पेस गरि सकेपछि अन्य निकायमा पेस गर्नु नपर्ने, एक पटक पेस गरिसकेपछि दोहोऱ्याएर पेस गर्नु नपर्नेजस्ता व्यवस्थाले लगानीकर्ताले सहजताको अनुभूत गर्नेछन् ।

- यो संशोधनले विदेशी लगानीका लागिमात्र होइन, विदेशी ऋणसम्बन्धी व्यवस्थामा पनि लचकता थपेको छ । विदेशी लगानीकर्ताको विदेशमा रहेको मूल कम्पनीले नेपालमा आफ्नो लगानी रहेको कम्पनीमा कायम चुक्ता पूँजीको पाँच गुणासम्म विदेशी ऋण लिन सक्ने व्यवस्था स्पष्ट पारेको छ । त्यसैगरी पूर्वाधार विकास निर्माणका आयोजना वा त्यस्तो आयोजना निर्माण गर्ने आपूर्तिकर्ता वा निर्माणकर्ताले समेत आफ्नो मुख्य कम्पनीबाट विदेशी ऋण भित्र्याउन सक्ने व्यवस्था स्पष्ट पारेको छ ।

विनियमावलीको यो संशोधनमा माथि उल्लेख भएका विषय मूर्तरूपमा उल्लेख थिए । तर, राष्ट्र बैंकलाई अमूर्त हिसाबले राष्ट्र बैंकभित्रकै क्षमता अभिवृद्धि गर्न, विदेशी लगानी तथा ऋणसम्बन्धी बलिया संस्थागत संरचना निर्माण गर्न, रियल टाइम डाटा विश्लेषण गरी सही निर्णय लिन र वाणिज्य बैंकहरूलाई थप व्यावसायिक बन्न जिम्मेवारी थपिदिएको छ । अनि, यो संशोधनले नेपालले पूर्ण सावधानी अपनाउँदै चरणबद्ध रूपमा पूँजी खाता परिवर्त्यतर्फ अघि बढ्ने स्पष्ट संकेत पनि गरेको छ ।

*(साभार: अनलाइनखबर)*

# आसन्न निर्वाचन र केपीहरुको हुङ्कार

✍अच्युतप्रसाद पौडेल "चिन्तन"

सञ्चारमन्त्रीले हरेक दिन भन्ने गरेका छन्- देश चुनावमय भइसक्यो । देश हिजो पनि चुनावमय नै थियो, अस्ति पनि र भोलि पनि रहनेछ तर चुनावले निकास दियो के ? यक्ष प्रश्न यो हो । २०७२ सालपछिको संविधान जुक्तिले जोगियो रे ! ०७४ ले के दियो र ०८९ वा ०८२ ले दिने के ? 'यर्ली इलेक्सन' मात्रै देशले धान्छ कसरी ? भाद्रको जेन्जी विद्रोहपछि आगामी फागुनमा आम निर्वाचन भनिएको छ र यसपछि कहिले हुने ? त्यो अनिश्चय छ । गरिब देशमा राजनीतिको यति ठूलो चमत्कार आवश्यक हो कि होइन ? बहस आवश्यक छ । लोकतन्त्रको आदर्श निर्वाचन हो ।

सही, राम्रा र योग्य जनप्रतिनिधि छान्ने अवसर प्राप्त हुनु राम्रो हो । तर हाम्रो सन्दर्भमा निर्वाचन जनताका लागि कष्टकर भइरहेको छ, पछुतो भइरहेको छ । मतदाता निर्वाचनको एकदिन मात्र शासक बन्ने तर बाँकी दिन शासित हुनुपर्ने अवस्था छ । दलहरुले ८९ को लगत्तै 'मिसन ८४' भने तर मिसन ८४ मा पुग्नुअघि ८२ मै चुनाव हुने भयो । अहिलेसम्मको तयारी यही हो । यद्यपि ठूला, मेजर विषयमा जनमत संग्रहमा जानुपर्ने प्रश्न उठिरहेको छ । धेरै इस्युहरु विवादित नै छन् । कोशी प्रदेशले आफ्नो अनुहार देखाउन सकेको छैन, मधेस प्रदेश झन् बेहालमा छ, देश चिर्ने कि चिन्ने, कसका लागि हो देश, किन जनशक्ति यहाँ टिकेनन् ? खोइ जमर्को कसले गरेको छ ?

लोकतन्त्रले अधिक जनता खाडी पठाए पनि ०८२ फागुन २१ मा हुने भनिएको निर्वाचनमा मतदाता संख्या भने बढेको छ । ०७९ को आम निर्वाचनमा जम्मा मतदाता संख्या १ करोड ७९ लाख ८८ हजार ५७० थिए भने निर्वाचन आयोगले दिएको पछल्लो विवरणमा यसपालिको मतदाता संख्या १ करोड ८८ लाख २५ हजार ६६४ पुगेको छ । नामावली सच्याउने अवधि पनि आयोगले तोकिसकेको छ । आउने फागुन २० सम्म १८ वर्ष पुग्नेले मतदान गर्न पाउने छन् र यसपालिको जेन्जी आन्दोलनपछि तुरुन्तै आम निर्वाचन गर्ने राज्यको तयारी हो । यसअघि छानिएका जनप्रतिनिधिहरुले अब फेरि जनतामाझ गई आफूलाई परिमार्जित गरी आउनुपर्ने छ ।

निर्वाचन आयोगले केही आचारसंहिता जारी गरेको छ । यद्यपि यो आलेख तयार गरिर हँदा आयोगको मूल पदाधिकारी प्रमुख आयुक्त भने छानिइसकेका छैनन्, त्यसो त अन्य संवैधानिक पदहरु पनि रिक्त हुने, तरुन्तै पूर्ति गर्ने अवस्था नभएकाले हटाउनुपर्ने प्रमुखहरुलाई पनि सरकारले हटाउन सकेको छैन । राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार आयोगले जारी गरेको आचार संहितामा खासगरी उम्मेदार दिँदा दलहरुले ३३ प्रतिशत महिलाकै दिनुपर्ने प्रत्यक्षतर्फ र आउने सन् २०३० सम्म यो ४० प्रतिशतमा उकाल्नुपर्ने नीति तय भएको छ ।

यसमा समावेशी कोटा सुनिश्चित हुनुपर्ने छ । निर्वाचन घोषणापत्रमा र चुनाव प्रचारप्रसार गर्दा कुनै जातजाति, धर्म, सम्प्रदाय, लिंगमा खलल पुग्न नहुने, कसैको चरित्र हत्या गर्न नहुने, कसैलाई धम्की गर्न नहुने, अरुलाई विभेद गर्ने खालको, आत्मसम्मानमा ठेस पुग्ने खालको केही गर्न नहुने, भ्रामक सूचना प्रवाह गर्न नहुने, मतदानको महत्व झल्कनुपर्ने, भाषा, क्षेत्र भौगोलिक अखण्डता, राष्ट्रियताका विषयमा संवेदनशील हुनुपर्ने, बालबालिकाको प्रयोग हुनु नहुने, कार्यक्रमहरु राख्दा एक दलले अर्को दललाई बाधा-निषेध गर्न नपाइने, अलोकतान्त्रिक कुनै पनि व्यहोरा दर्शाउन नपाइने आदि आदर्शहरु अपनाउनुपर्ने निर्देशन जारी गरेको छ । आचार संहिता इमानदारिताका साथ कार्यान्वयन हुनु/गर्नु कुनै पनि दल वा व्यक्तिको धर्म नै हो, जसले स्वच्छ प्रतिस्पर्धामा सहयोग गर्छ । गैरलोकतान्त्रिक चरित्रले हत्या, हिंसा, अराजकता, चुनावी वातावरण बिग्रने, बुथ क्याप्चर हुने, चुनाव नै रद्द हुनुपर्ने अवस्था पनि विगतमा देखिएकै हो ।

देशमा गरिबी छ, चुनावप्रति खुलेर लाग्न सकिरहेको अवस्था छैन अहिले । 'जुन जोगी आए पनि कान चिरिएको' भन्ने उखानले सार्थकता पाएको अवस्था छ । जनप्रतिनिधिहरुले मतदाताको हित बिर्सेका, राज्य दोहनमा सिपालु भएका, करको भार बढेको, महँगीको त्रास थपिएको, संसदीय प्रणाली आफैँमा बढी खर्चिलो भएको, उम्मेदवारीकै लागि ठूलो लगानी गर्नुपरेको, चुनाव धेरै महँगो हुँदै आएको, कमाउ धन्दामा लाग्नुपरेको र कतिपय केसहरु जनप्रतिनिधिहरुलाई अख्तियारले डाम्दै विशेषलगायतमा मुद्दा दर्ता गर्नुपरेको विषय पनि आम मतदातालाई जानकारी छ ।

सबैभन्दा राम्रा भनिएका अर्थ समितिका सभापतिको समेत हालत खराब भई अख्तियारले मुद्दा दर्ता गरिसकेको छ । सुशासनको सख्त अभाव, बेरुजुको चाङ, अपारदर्शी दलहरुको व्यवहार, जिम्मेवारीबोध नभएको, भ्रष्टाचार बढी मौलाएकै कारण गत भाद्र २३ र २४ को जेन्जी आन्दोलन भएको थियो, जसले गर्दा देशको केन्द्रीय निकाय सिंहदरबार मात्रै नभएर धेरै संयन्त्रहरु सखाप‍ै भए । प्रधानमन्त्री नै भाग्नुपर्ने अवस्था आई एकाएक चुनावी समय आएको र ठूला-ठूला दलहरु मिलेर बनेको सरकार ढलेको हो ।

मासु-भातमा मतदाताको रुचि देखिएको र चुनावको मौन अवधिमा घरघरै देखभेट भएको अतीत पनि सुरक्षित रहेको अनि घोषणापत्रका कुनै बुँदाहरुप्रति पनि दलहरु गम्भीर नभएको पुरानो यथार्थ रहेको छ । बुढ्यौली भत्ता रु. ५ हजार भने तर गरेनन्, उल्टै उमेर बढाइदिए ६८ बाट ७० मा । रासायनिक मल कारखाना खोल्ने भने ५२ सालकै चुनावी घोषणापत्रमा तर गरेनन् । महँगी नियन्त्रण त दलको हातमै थिएन होला । दलहरुले सुशासनको नारा व्यर्थमा खर्चिए, कार्य गरेनन् । जनता बिर्सिए, घरदैलो पुगेनन् । उनीहरुले बनाएको सिंहदरबारको सिंहको नङ्गा मात्र गाउँ चिथोर्न गयो तर दरबार यतै खुमल्टार, बूढानीलकण्ठ, बालकोट, च्यासलतिरै बसिरह्यो । अहिले तिनको डेरा सराइ पनि भएको छ ।

चुनावको आलिसान भैँसेपाटी महल पनि भत्किएको र संसद् भवन नै जलेको अवस्थामा अब बनेको सिंहदरबारको संसद् भवन पनि भावी दिनसम्म सुरक्षित राख्ने गरी दलहरुले काम गर्न सके मात्र लोकतन्त्रको भविष्य बाँकी रहला, अन्यथा सधैँको लोभतन्त्रले नै विजय पायो भने देशको अखण्डता र राष्ट्रियतामै प्रश्न आउन सक्ने हुँदा आम मतदाता पनि अब त अलि चनाखो हुनुपर्छ होला । अन्यथा देशले श्राप गर्नेछ सबैलाई । यसै पनि आधाआधी मात्र मत खस्ने हाम्रो अतीत छ । विदेशमा रहनेहरुले यसपालि पनि मताधिकार पाउने अवस्था बनेको छैन । धेरै माग भएको 'नो भोट' को अधिकार पनि खोइ सुरक्षित भएको छैन ।

अत: केवल आचारसंहिता जारी गरेर मात्र आयोग उम्कन पाउँदैन । त्यसको निगरानी संयन्त्र के हुने र संहिता पालन नगर्ने ठूलाहरुलाई यसअघि के कारबाही भयो ? सो पनि विवरण आउन सके मतदाताहरु हर्षित हुन सक्थे होलान् । चुनावका मूल पात्रको गर्जन छ । भर्खरकै महाधिवेशनबाट विजेता बनेका छन् । केही आयातीत पाहुनाहरुको पनि वर्चश्व रहेको छ, दलमा । कार्यकर्ता-बेस दलमा नेता विजयी हुनु सामान्य कुरो हो । लोकतान्त्रिक चरित्र देखाउनैका लागि प्रतिस्पर्धी वातावरण बनाइएको थियो । सल्लाहले र तेब्बर मतले जित्ने आँकलन पहिले नै थियो । जिते राम्रो भयो तर सालिनता देखिएन, अहंकार र हुङ्कारको बाढी आएको छ ।

देश फेरि अर्को खतरामा जाने संकेत भएको छ । घरभित्र स्याल पनि बाघ हुन्छ, आफ्नै घर भत्काएर खरानीको टीका लगाउँदै हिँडिएको अवस्था हो पहिले । कहाँ छन् आफ्ना अग्रज, कहाँ छन् आफ्ना पूर्वजहरु ? केपीले सोच्नुपर्छ । हो, उनलाई सबैका विषयमा झीनो-मसिनो जानकारी होला । तर कांग्रेसका पूर्वज बीपीलाई छोडे कांग्रेसीहरुले, त्यस्तै गरी छोडे कम्युनिस्टहरुले पनि, बिर्सिए कम्युनिस्टका पूर्वज मनमोहनहरु । बीपी र केपीको तुलना नहोला । सुराही बोकेर बालुवाटार छिर्ने र निस्कने अर्का केपी र देशकै लागि मरिहत्ते गर्ने गणेशमानहरु पनि थिए होलान् देशमा । आन्दोलन गरे तिनले तर सत्तामा गएनन्, गएर पनि धेरै नै बिगार गरेनन् । तर देशमा धेरै बिगार गर्ने काम केपीहरुकै पालामा भएको छ । सिंहदरबार नै बचेन, भ्रष्टाचारको ताँती लागेको छ । भदौको घटनाको छानबिन आयोग बन्यो, अधिवेशनको मौका दिएर आयोगले आफ्नो समयावधि नै थप्यो । मूल पात्रहरुलाई बोलाउन सकेन । झारो टार्नैका लागि बोलाउने तयारी के भनिँदै थियो, छोयो भने त्यसै दिन सरकार ढाल्ने भन्ने ऊर्दी जारी भइसकेको छ । टोल-टोलमा तयारी रहन कार्यकर्ताहरुलाई निर्देशन जारी भइसकेको छ । मानौँ लोकतन्त्र देखाउनका लागि हो, यसको पर्याय भनेको ह्वीप नै हो ।

र, त संसद्मा पनि पटक-पटक ह्वीप लागेको थियो । नसकेपछि कोमामा कतिपल्ट यसलाई धकेलिएको थियो, दुई तिहाइदेखि कुनै पनि सरकार स्थिर नहुनु ७ सालदेखिकै देशको विडम्बना हो । दल र कार्यकर्ताहरु मोटाउने, देश दुब्लाउने हाम्रो लोकतन्त्रको आदर्श भएको छ । देश केपीकै मात्र हो भने बीच-बीचमा किन ढलेको र सत्यानाश नै हुने गरी ढल्दा, भाग्दा, जल्दा पनि चेत किन नखुलेको ? देश जल्दा देश हाँक्नेसँग एकपल्ट सोधनीसम्म गर्न नमिल्ने कस्तो नेता ? राजनेताले देश हेर्छ, नेता मात्रैले चुनाव मात्रै हेर्छ । हाम्रा राजनीतिकर्मीहरुले देश हेरेनन्, चुनाव मात्रै हेरे, केवल चुनावले निकास र विकास दिँदैन । चुनाव केही समयपछि गर्दा पनि आकाश खस्ने होइन । गरिबी जहाँको त्यहीँ छ, खाडीबाट लासहरु आएकै छन्, यहाँका उद्योगधन्दाहरु निमोठिँदै छन्, राजनीतिक उद्योग मात्रै फस्टाएको छ । यहाँ रोजगारीको अभाव छ । पैसा थन्किएर आइडल बसेको छ, भोलि त्यसको भ्यालु जिरोमा जान सक्छ । विकास खर्च भएकै छैन ।

अर्थ र विकासविद्हरुलाई केपीहरुकै झोला बोक्दै ठिक्क छ । विश्वविद्यालयहरु र ाजनीतिमुक्त हुने प्रयासका लागि महावीरहरु देखिनुपर्ने, चुनावकै लागि रविहरु छुटिदिनुपर्ने, चुनावकै लागि खिलराजहरु आइदिएर नपुगी सुशीलाहरु आइदिनुपर्ने अनि देशको ठेक्कापट्टा भने दलहरुले नै गर्नुपर्ने । यो हदसम्मको राजनीतिले देश उँभो लाग्ला ? आउने फागुनमा चुनाव भइहाल्यो भने पनि आउने अनुहार पुरानै हुन् । देश फेरि उही पुरानो रस्साकस्सीमै रहने हो । किनकि यिनीहरुलाई थाहा छ- कहाँ, कसरी, कसलाई दोब्र्याउने र तेब्र्याएर भुँडी भर्ने भन्ने ।

*(साभार: न्यूज अफ नेपाल)*

# पानी उद्योग महासंघको प्रथम साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ नेपालभर जार तथा बोतलका पिउने पानी तथा पानीजन्य वस्तु उत्पादन गर्ने उद्योगीहरुको छाता संगठन नेपाल पानी उद्योग महासंघको प्रथम साधारणसभा सम्पन्न भएको छ । काठमाडौंको गोदावरीमा साधारणसभा सम्पन्न भएको हो ।




नेपालको पिउने पानी आपूर्ति तथा व्यवस्थापन क्षेत्रको शीर्ष निकायकारुपमा स्थापित महासंघको वार्षिक साधारणसभा अध्यक्ष बिक्रम लिम्बु चेम्जोङको अध्यक्षतामा भएको हो । पहिलोचरणको कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुधन पौडेल रहेका थिए । कार्यक्रममा विशेष अतिथि पूर्व संघीय सांसद नवराज सिलवाल तथा खाद्यप्रविधि तथा गुणनियन्त्रण विभागकी महानिर्देशक डा. मतिना बैद्य जोशी सहभागी थिए । उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष तथा महासंघका सल्लाहकार भरत आचार्यलगायत विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिको उपस्थिति थियो ।

सभामा संघका सदस्य संस्था तथा पानी विज्ञको उल्लेखनीय सहभागिता रहेको थियो । देशभरका पानी आपूर्ति, शुद्धीकरण, वितरण तथा व्यवस्थापनका चुनौती र सम्भावनाबारे छलफल गरिएको सभालाई सम्बोधन गर्दै प्रमुखअतिथि मन्त्री पौडेलले स्वच्छ र सुरक्षित पिउने पानी नागरिकको मौलिक आवश्यकता भएको बताए । पानी उद्योगलाई व्यवस्थित, जिम्मेवार र गुणस्तरीय बनाउन सरकार सहकार्यका लागि तयार रहेको उनले बताए । उनले उद्योगीको लगानी सुरक्षित हुने नीति निर्माण, गुणस्तर मापदण्ड कार्यान्वयन तथा दिगो पानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारको सकारात्मक भूमिका रहने प्रतिबद्धता व्यक्त गरे ।

सभामा महासंघका अध्यक्ष चेम्जोङले महासंघको वार्षिक प्रगति, नीतिगत पहल तथा दिगो पानी व्यवस्थापनका लागि गरिएका रणनीतिक कदम प्रस्तुत गरे । उनले प्रविधि, नवीनता र आपसी सहकार्यको माध्यमबाट देशभर स्वच्छ र सुरक्षित पिउने पानीको पहुँच विस्तार गर्न महासंघ प्रतिबद्ध रहेको बताए । प्रथम साधारणसभाले अध्यक्ष चेम्जोङको नेतृत्वमा आगामी तीन वर्षका लागि ३५ सदस्यीय निर्वाचित तथा ४ जना मनोनित गरी ३९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ । सभाबाट वरिष्ठउपाध्यक्षमा भरत बुढाथोकी, महासचिवमा ध्रुबप्रसाद अधिकारी र उप-महासचिवमा रोसा श्रेष्ठ निर्वाचित भएका छन् ।

उपाध्यक्षमा क्रमश: रविन्द्रमोहन अधिकारी, पुरुषोत्तम पाण्डे, रुपचन्द्र नौलाखा, शाहिल शाह, भुवनप्रसाद लोहनी, सबि कार्की, कृष्णप्रसाद आचार्य र टेकेन्द्रसिंह कुन्जेडा निर्वाचित भएका छन् । कोषाध्यक्षमा देवनारायण चौलागाईं चयन भएका छन् । सदस्यमा गोकुलबहादुर थापा, जितेन्द्र दाहाल, नारायण गिरी, प्रमोदकुमार साह, सहदेव बोलखे, सौरभ मारु, पदमबहादुर राउत, चिन्तामणि भुषाल, अविनाश थानी, जीवन घिमिरे, राम सुवाल, अमराज लामा, राम बराल, दिनेश भट्टराई, राजेश खनाल, बिक्रम मण्डल, अनिल आचार्य, कृष्ण कुँवर, टक सारुमगर, शरदप्रसाद रिजाल, विशाल विष्ट र श्रवण थापा निर्वाचित भएका छन् । त्यस्तै विनय श्रेष्ठ, सुदिपमानसिंह बस्नेत र रक्की तामाङलाई सदस्यमा मनोनित गरिएको छ भने एकजना सदस्य मनोनित गर्न बाँकी रहेको महासंघले जनाएको छ ।

सभामा महासंघका महासचिव अधिकारीले संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्दै साधारण सभाबाट प्राप्त एकता र विश्वासलाई संस्थागत सुदृढीकरणमा केन्द्रित गरिने बताए । उनले पानी उद्योगसँग सम्बन्धित नीतिगत र व्यवहारिक समस्या समाधानका लागि महासंघले सरोकारवाला निकायसँग समन्वयलाई निरन्तरता दिने उल्लेख गरे । विशेषअतिथि डा. जोशीले उद्योगीको व्यावसायिकता अभिवृद्धि गर्न विभाग सधैं सहयोगी रहने बताइन् । उनले पानी उत्पादनका नाममा हुने लापरबाहीलाई कानुनले छुट नदिने स्पष्ट पार्दै गुणस्तर र उपभोक्ता स्वास्थ्यमा कुनै सम्झौता हुन नहुने धारणा राखिन् । साधारणसभाले महासंघको वित्तीय विवरण तथा आगामी कार्ययोजना सर्वसम्मतरुपमा पारित गर्नुका साथै आवश्यकता अनुसार नयाँ जिम्मेवारी थपघट गर्ने विशेष नीति स्वीकृत गरेको छ । सभामा देशभरका २३ भन्दा बढी जिल्लाबाट पानी उद्योगी प्रतिनिधिकारुपमा सहभागी थिए । महासंघले देशभर सुरक्षित, स्वच्छ र गुणस्तरीय पिउने पानी आपूर्ति तथा दिगो पानी व्यवस्थापनको अभियानलाई थप सशक्त बनाउने जनाएको छ ।

# लौठसल्ला र सुनाखरीको प्राकृतिक बासस्थान संरक्षणका लागि अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ ग्रीनहुड नेपाल नामक संस्थाको आयोजनामा मकवानपुर जिल्लामा औषधीय वनस्पति तथा तिनका प्राकृतिक बासस्थान संरक्षणलाई केन्द्रित गर्दै स्थानीय सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम भएको छ ।

थाहा नगरपालिका-३ स्थित ऋषेश्वर सामुदायिक वन र कालीबन्जार सामुदायिक वनका उपभोक्ता तथा स्थानीय सरोकारवालासँग लौठसल्ला र सुनाखरी जस्ता महत्वपूर्ण औषधीय वनस्पतिको संरक्षणका विषयमा छलफल तथा परामर्श गरिएको हो । कार्यक्रम ऋषेश्वर सामुदायिक वनको विकासघर तथा कालीबन्जार सामुदायिक वनको दम्कीस्थित सामुदायिक वन भवनमा भएको हो ।

कार्यक्रममा थाहा नगरप्रमुख विष्णु बिष्ट, झम्केश्वरी सवडिभिजन वन कार्यालयका प्रमुख सागरप्रसाद जैसी, सामुदायिक वन उपभोक्ता महासंघ थाहाका अध्यक्ष गणेशमान श्रेष्ठ, ग्रीनहुड नेपालका प्रमुख रेशु बस्याल, कालीबन्जार सामुदायिक वनका अध्यक्ष कमलकुमार केसी, ऋषेश्वर सामुदायिक वनका कार्यवाहक अध्यक्ष बिनोद केसीलगायत विभिन्न क्षेत्रका प्रतिनिधिको उपस्थिति थियो ।

अन्तरक्रियामा ग्रीनहुड नेपालका कृतना भण्डारी र ज्ञानेन्द्र आचार्यले सहजीकरण गर्दै औषधीय वनस्पति संरक्षणमा स्थानीय सामुदायिक वन उपभोक्ता समितिको भूमिका, दिगो व्यवस्थापन, अवैध संकलन नियन्त्रण र जैविक विविधता संरक्षणका विषयमा प्रकाश पारे । कार्यक्रममा सहभागीले औषधीय वनस्पति केवल आर्थिक स्रोत मात्र नभई वातावरणीय सन्तुलन र जैविक विविधताको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

स्थानीय तह, सामुदायिक वन र संरक्षणकर्मीबीच सहकार्य बढाउँदै लैजान सके दीर्घकालीन संरक्षण सम्भव हुने निष्कर्ष निकालिएको थियो । यस किसिमका अन्तरक्रिया कार्यक्रमले औषधीय वनस्पति तथा प्राकृतिक बासस्थान संरक्षणप्रति समुदायको चेतना अभिवृद्धि गर्नुका साथै दिगो वातावरण संरक्षणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# एनपीएलले नेपाली क्रिकेटमा ल्याएको छलाङ र कर्पोरेट क्षेत्रको जिम्मेवार साथ

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) छोटो समयमै नेपाली खेलकुदमा छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ । फ्रेन्चाइज मोडलमा आधारित एनपीएलको दोस्रो संस्करण भर्खरै सम्पन्न भएको छ । एनपीएल एउटा प्रतियोगिता मात्र नभई नेपालीहरूलाई एकताबद्ध गर्ने माध्यम पनि बनेको छ ।




त्यति मात्र होइन, खेलाडी उत्पादनका साथै उनीहरूलाई अवसर प्रदान गर्ने थलो बनेको छ । साथै लगानीकर्ताहरूका लागि लगानीको माध्यमसमेत बनेको छ । पहिलो संस्करणमा करिब ७० करोड रुपैयाँको कारोबार गरेको एनपीएलमा दोस्रो संस्करणमा झण्डै दोब्बर कारोबार भएको आकलन छ । एनपीएलले कर्पोरेट क्षेत्रलाई पनि चलायमान बनाएको छ ।

विश्वका स्टार क्रिकेट खेलाडीहरूको आगमन तथा विश्वचर्चित स्पोर्ट्स च्यानलमार्फत प्रत्यक्ष प्रसारण हुनुले नै एनपीएलको चर्चा र प्रभाव कति छ भन्ने प्रष्ट हुन्छ । अर्को अर्थमा भन्नुपर्दा एनपीएलले नेपाली क्रिकेटलाई नयाँ युगतर्फ डोहोर्‍याएको छ । यसमा खेलको प्रतिस्पर्धा मात्र छैन, क्रिकेटले देखाएको सम्भावना, यसले सिर्जना गरेको रोजगारी अनि नेपाल राष्ट्रकै गौरवका रूपमा यसको पहिचान जोडिएको छ ।

नेपालमा क्रिकेट क्रेजबारे त सबै जानकार नै छन् । नेपाली समर्थकहरूको उत्साहका कारण क्यानले दुई पटक आईसीसी फ्यान इन्गोजमेन्ट अफ द इयर अवार्डसमेत जितिसकेको छ । अब एनपीएलले नेपाली समर्थकहरूको त्यो उत्साहमा अझ इँटा थप्ने काम गरेको छ । यसले नेपाली क्रिकेटमा फ्रेन्चाइज क्रिकेटलाई संस्थागत गर्दै व्यावसायिकतातर्फ डोहोर्‍याउँदै अन्तर्राष्ट्रिय मञ्चमै चिनाउने काम गरिरहेको छ ।

गल्ली र चोकदेखि स्कुल, कलेज अनि राष्ट्रिय स्तरसम्म क्रिकेट त हुँदै आएको थियो । तर यो उत्साहलाई व्यवस्थित गर्दै दीर्घकालीन रूपमा अगाडि बढाउन चुनौती थियो । एनपीएलले भने त्यो चुनौतीलाई चिर्दै कम्तीमा नेपालमा पनि विश्वस्तरीय लिग आयोजना गर्न सकिन्छ भन्ने देखाएको छ । यसले क्रिकेटलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकिन्छ र व्यावसायिकतासँग जोड्दै अन्तर्राष्ट्रिय स्तरसम्म पुर्‍याउन सकिन्छ भन्ने सन्देश दिएको छ ।

फ्रेन्चाइज मोडलमा आधारित लिग भएकाले एनपीएलले खेल मात्र नभई मनोरञ्जन प्रदान गर्ने, रोजगारी सिर्जना गर्ने, अर्थतन्त्रमा टेवा पुर्‍याउनेदेखि राष्ट्रिय पहिचानलाई समेत जोडेको छ ।

यसको अर्को महत्वपूर्ण पाटो कर्पोरेट क्षेत्र हो । एनपीएलमा विभिन्न फ्रेन्चाइज टिममा गरिएको लगानीदेखि प्रायोजनसम्म कर्पोरेट क्षेत्रले ठूलो साथ दिएको छ । कर्पोरेट क्षेत्रको साथले गर्दा क्रिकेट टोलीको ब्रान्डिङ, फ्यान कल्चर तथा व्यावसायिक व्यवस्थापनमार्फत एनपीएल नेपाली खेलकुदमा फरक रूपमा स्थापित हुँदै आएको छ । यसले लिगसँगै एनपीएलका टिमहरूलाई पनि आर्थिक रूपमा आत्मनिर्भर बनाउन सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

खेलकुदमा खर्च मात्र हुन्छ भन्ने धारणा चिर्दै खेलकुदमा लगानी गर्दा फाइदा हुन्छ भन्ने सोच र बुझाइका साथ कर्पोरेट क्षेत्रले आफ्नो लगानी विस्तार गर्दै गएको छ । कर्पोरेट क्षेत्रको साथ आर्थिक पक्षमा मात्र सीमित नभई यसले व्यावसायिक रूपमा कसरी व्यवस्थापन गर्ने, अन्तर्राष्ट्रिय अभ्यासअनुसार कसरी अघि बढ्ने र दीर्घकालीन रूपमा कसरी काम गर्ने भन्ने विषयमा पनि प्रभाव पारेको छ । खेलाडीहरूको तलबदेखि सेवा सुविधासम्म स्पष्ट सुधार देखिएको छ । दर्शकहरूले खेलसँगै फुड स्टलदेखि मनोरञ्जनसम्मको अनुभव पाएका छन् ।

यस्तै एनपीएल क्रिकेट मैदानमा मात्र सीमित नभई यसले खेलबाहेक पर्यटनदेखि विज्ञापन बजार, सेवा सुविधा तथा समग्र अर्थतन्त्रका धेरै क्षेत्रमा प्रभाव पारेको छ । यसले खेलकुद अर्थतन्त्रमा नेपालमा ठूलो सम्भावना रहेको देखाएको छ ।

घरेलु क्रिकेटमा थोरै अवसर पाएका खेलाडीहरूले एनपीएलमा आफ्नो प्रतिभा देखाउने अवसर पाए । नेपालको सिनियरदेखि जुनियर खेलाडीहरूले अन्तर्राष्ट्रिय स्तरका स्टार खेलाडीहरूसँग ड्रेसिङ रुम सेयर गर्ने, सँगै प्रशिक्षण लिने तथा एउटै टिमबाट खेल्ने अवसर पाए । यसले नेपाली खेलाडीहरूमा अझ राम्रो गर्नुपर्छ भन्ने सिकाइका साथै आत्मविश्वास पनि बढाएको छ, जुन भविष्यमा नेपाली क्रिकेटका लागि लाभदायक हुनेछ ।

यस्तै ट्यालेन्ट हन्ट मार्फत स्थानीय प्रतिभावान् खेलाडीहरूले पनि फ्रेन्चाइज टिममा समावेश हुने र मैदानमा खेल्ने अवसर पाए । राम्रो खेलाडी उत्पादन गर्न ग्रासरूट तहदेखि नै तयारी गर्नुपर्ने र दीर्घकालीन संरचना निर्माण आवश्यक रहेको तथ्य पनि यसले देखाएको छ ।

एनपीएलमा खेलकुद र शिक्षाको सम्बन्ध देखिनु अर्को सकारात्मक पक्ष रह्यो । खेलाडीहरूको करियरमा शिक्षा पनि उत्तिकै महत्वपूर्ण हुन्छ भन्ने सन्देश दिन खेल र शिक्षालाई सँगै अघि बढाउने प्रयासलाई एनपीएलले व्यवहारमा उतार्ने प्रयास गरेको छ ।

यसै सन्दर्भमा प्रेसिडेन्टल ग्रयाजुएट स्कुलले एनपीएलका दुवै संस्करणमा एजुकेसन पार्टनरको रूपमा सहकार्य गर्नु हाम्रो लागि पनि गौरवको विषय हो । यस सहकार्यले खेल र शिक्षा सँगसँगै अघि बढाउन सकिन्छ भन्ने सन्देश दिएको छ । खेलाडीहरूको भविष्य सुरक्षित गर्न शिक्षा अपरिहार्य हुन्छ भन्ने विषयलाई संस्थागत गर्ने प्रयासस्वरूप हामीले पनि एउटा इँटा थपेका छौं । खेल जीवनपछि पनि सम्मानजनक जीवन बिताउन शिक्षा सहयोगी माध्यम बन्न सक्छ ।

खेल र शिक्षाको सहकार्यले अभिभावक र विद्यार्थीलाई खेलकुदप्रति सकारात्मक रूपमा हेर्न सहयोग गर्छ । एनपीएलका दुई संस्करण सफल र भव्य रूपमा आयोजना हुँदा यसको चर्चा विश्वभर देखिएको छ । धेरैले यसलाई एसियामा आईपीएलपछिको राम्रो लिग बन्न सक्ने सम्भावना देखाएको भन्दै प्रशंसा गरेका छन् । तर त्यसका लागि तत्कालको चर्चाले मात्र पुग्दैन । अहिले सबैभन्दा ठूलो चुनौती भनेकै यसको निरन्तरता र दिगो विकास हो ।

दुई संस्करणको उत्साह कायम राख्न दीर्घकालीन योजना आवश्यक छ र नीतिगत तथा संस्थागत संरचनागत सुधार गर्नुपर्नेछ । कर्पोरेट क्षेत्रको साथ र सहयोगलाई अझ बलियो र स्पष्ट रूपमा अघि बढाउनुपर्छ । साथै महिला क्रिकेटको विकासका लागि पनि एनपीएलजस्तै लिग आयोजना गर्न आवश्यक छ ।

फ्रेन्चाइज लिगको चर्चामा मात्र सीमित नभई ग्रासरुटदेखि विद्यालय र महिला क्रिकेट विकासमा समेत लगानी र दीर्घकालीन योजना अघि ल्याउनुपर्नेछ । निजी क्षेत्र, खेल संघ-संस्था, शिक्षा क्षेत्र र मिडियाको सहकार्यमा यसले राष्ट्रकै वास्तविक क्षमतालाई उजागर गर्न सक्छ भन्ने सन्देश एनपीएलले दिएको छ । यो सहकार्यले खेलकुदमा मात्र होइन, युवाहरूलाई आशा र सपनाको बाटोमा हिँड्ने अवसरसमेत दिनेछ । कर्पोरेट क्षेत्रको समर्थन खेलकुदका लागि सकारात्मक ऊर्जा बन्नेछ ।

अन्त्यमा, एनपीएलको सफलता नेपाली क्रिकेटलाई उचाइमा पुर्‍याउने मात्र नभई खेलकुदलाई राष्ट्र विकासको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्न सकिन्छ भन्ने सशक्त सन्देश हो । यस यात्रामा साथ दिने कर्पोरेट क्षेत्र, खेलाडी तथा क्रिकेट समर्थक सबै धन्यवादका पात्र छन् । सबैको निरन्तर साथ, प्रतिबद्धता र पारदर्शीता कायम रहने हो भने एनपीएल एउटा क्रिकेट लिग मात्र नभई नेपाली खेलकुदको दीर्घकालीन परिवर्तनको प्रतीक बन्न सक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरगढी र रेडक्रसबीच निःशुल्क रक्तसेवा सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा पनि नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखासँग सहकार्य गर्दै आकस्मिक अवस्थामा आवश्यक पर्ने मानव रगत गाउँपालिका बासिन्दालाई निशुल्क उपलब्ध गराउने सम्झौता गरेको छ ।



गतवर्ष झैं यो वर्ष पनि सेवा निरन्तरता दिन दुबै पक्षबीच सम्झौता भएको हो । स्वास्थ्य शाखाप्रमुख ध्रुवप्रसाद लामिछानेका अनुसार सम्झौता कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन नेपाली, प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछाने तथा नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाप्रमुख लक्ष्मण भट्टराई, ब्लड बैंक प्रमुख टंक दाहाल लगायतको उपस्थिति रहेको थियो । स्वास्थ्य शाखाका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पौष १३ गतेसम्म २२ जनाले ६७ युनिट रगत ट्रान्सफ्युजन सेवा लिइसकेका छन् । यसबाट प्रतिबिरामी औसतमा करिब २ हजार ५५० रुपैयाँ बराबरको प्रत्यक्ष सहयोग पुगेको छ ।

स्वास्थ्य शाखाप्रमुख लामिछानेका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा भने ७६ जना सेवाग्राहीले यो सुविधा लिएका थिए । उनीहरुका लागि जम्मा २१० युनिट रगत प्रयोग भएको थियो । सम्झौता अनुसार प्रतियुनिट ८५० रुपैयाँका दरले गाउँपालिकाले भुक्तानी गर्ने हुँदा गतवर्ष मात्रै गाउँपालिकाले करिब १ लाख ७८ हजार ५ सय रुपैयाँ खर्च गरेको जनाइएको छ । गाउँपालिकाले आकस्मिक अवस्था तथा दीर्घरोगका कारण नियमितरुपमा रगत आवश्यक सबै सेवाग्राहीलाई यो सुविधा लिन आग्रह गरेको छ । सेवा लिन अस्पतालबाट जारी गरिएको ब्लड मागपत्र र बिरामीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित नेपाल रेडक्रस सोसाइटी, ब्लड बैंक हेटौंडा शाखामा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

# वृद्धाश्रम र मन्दिरलाई वन कार्यालयको दाउरा

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/देशैभर जाडो बढेसँगै डिभिजन वन कार्यालय मकवानपुरले हेटौंडाका विभिन्न वृद्धाश्रम र मन्दिरलाई दाउरा वितरण गरेको छ । चिसोका कारण वृद्धवृद्धा र सर्वसाधारणलाई परेको समस्यालाई मध्यनजर गर्दै कार्यालयले मंगलबार दाउरा वितरण गरेको हो ।



चिसो मौसममा आगो तापेर राहत मिलोस् भन्ने उद्देश्यले वन कार्यालयले दाउरा वितरण गरेको हो । वन कार्यालयका अनुसार हेटौंडा-२, चौकीटोलस्थित ओम वृद्धाश्रम, हेटौंडा-४ मा रहेको भुवनेश्वर पशुपतिनाथ मन्दिर, हेटौंडा-५ मा रहेको लक्ष्मीनारायण मन्दिर र हेटौंडा-१० राप्तीतटस्थित गोरक्षेश्वर मन्दिरमा दाउरा वितरण गरिएको हो । जाडोबाट जोगाउन विशेष गरी वृद्धवृद्धालाई लक्षित गरेर दाउरा वितरण गरिएको डिभिजन वन कार्यालयका सुरक्षा शाखा प्रमुख यादविन्द्र पौडेलले जानकारी दिए ।

कार्यालयले विभिन्न सामुदायिक वनसँग सहयोग मागेर दाउरा वितरण गरेको उनले बताए । चिसोबाट प्रभावित अशक्त तथा विपन्न वर्गले दाउराको माग गरेमा कार्यालयले आफैं यातायातको व्यवस्था गरी दाउरा उपलब्ध गराउने उनले बताए । स्थानीयको आवश्यकता र माग अनुसार दाउरा बाँडिएको पौडेलले बताए । जिल्ला प्रशासन कार्यालय मकवानपुरले मन्दिर र बृद्धाश्रममा जिल्ला वन कार्यालयबाट आगो ताप्ने प्रयोजनाका लागि दाउरा उपलब्ध गराउने जानकारी दिएको छ ।

'आज झनै चिसो बढेको छ । कृपया चिसोबाट बच्नुहोला । मन्दिर र बृद्धाआश्रममा जिल्ला वन कार्यालयबाट आगो ताप्ने प्रयोजनको लागि आवश्यक दाउरा प्रबन्ध गर्न भनिएको छ', प्रशासन कार्यालयको सूचनामा भनिएको छ, 'यस विषयमा सम्बधित वडा कर्यालयवाट जिल्ला वन कार्यालयमा सम्पर्क गर्नुहोला ।'

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### तोकिएको समयमा निर्वाचन नभए संसद पुर्नस्थापना हुन्छः मुख्यमन्त्री बानियाँ

# ‘रवि, बालेन र कुलमानबीच एकताबाट डराउनुपर्दैन’

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संसद्को पुनस्थापनाको सम्भावनालाई नकार्न नसकिने बताएका छन् ।




५० औं राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा नेपाली कांग्रेस मकवानपुरले बुधबार पार्टी कार्यालयमा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री बानियाँले तोकिएको समयमा सरकारले निर्वाचन गर्न नसक्दा संसद् पुनस्थापना हुनुपर्ने धारणा राखेका छन् । संविधान संशोधन गरी जेनजी पुस्ताको मागलाई सम्बोधन गर्न पनि संसद् आवश्यक रहेको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले अहिलकै प्रक्रियामा निर्वाचन हुँदा जेनजी पुस्ताको माग पुरा हुननसक्ने पनि बताए । वर्तमान सरकारको म्याण्डेन्ट चुनाव गराउनु रहेपनि चुनावको वातावरण अझ बन्न नसकेको उनले जिकिर गरे ।

लुटिएका हतियार र भागेका कैदी फिर्ता नहुँदासम्म र लुटपाट, तोडफोडमा संलग्नलाई कारवाही नहुँदासम्म निर्वाचन हुन नसक्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले राष्ट्रियता र व्यवस्थालाई बचाउन गणतन्त्रवादी दलहरु मिल्नुपर्ने बताए । जेनजी पुस्ताको असल मागमाथि खेलेर राष्ट्रियता नै धरापमा पार्ने तत्वहविरुद्ध एमाले, कांग्रेस, माओवादी जस्ता गणतन्त्रवादी दलहरु एकजुट हुनुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले गणतन्त्रलाई बलियो बनाउने धर्मलाई दलले बिर्सन नहुने बताए । अप्ठ्यारो अवस्थामा रहेको मुलुकलाई निकास दिनु आजको आवश्यकता रहेको उनको भनाई छ ।

रवि, बालेन र कुलमान बीचको एकतालाई कटाक्ष गर्दै मुख्यमन्त्री बानियाँले त्यस्ता एकताबाट डराउनुपर्ने अवस्था नरहेको जिकिर गरे । स्वाभिमान नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रभित्रको एकता वर्तमान समयको अनिवार्यता भएको उनले बताए । मुख्यमन्त्री बानियाँले विपिले लिएको मेलमिलाप नीतिको सार्न्दभिकता वर्तमान समयमा बढ्दै गएको बताए । कांग्रेस बागमती प्रदेशको सभापति समेत रहेका उनले कांग्रेसभित्रको एकतालाई पनि मजबुत बनाउनुपर्नेमा जोड दिए । निर्वाचनमा पार्टीभित्र गुट देखिनु स्वाभाविक भएपनि निर्वाचन पछिको परिणामलाई स्वीकार गरेर अघि बढ्नु नै गणतन्त्रको सुन्दर पक्ष भएको उनले बताए । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेताहरुले विपिले लिएको मेलमिलापको नीतिको प्रशंसा गरेका थिए ।

आफूमाथि आठवटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपि कोइराला राष्ट्रियताका लागि जीवनअर्पण गर्न तयार भएर राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्कनुभएको सम्झनामा नेपाली कांग्रेस र उसका भ्रातृ संगठनले मेलमिलाप दिवस मनाउने गर्छन् ।

२०३३ पुस १६ गते नेपाली कांग्रेसका संस्थापक नेतासमेत रहेका कोइरालाको नेतृत्वमा गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईँलगायत नेता तथा कार्यकर्ता राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवन त्याग गरी स्वदेश फर्केका थिए ।

भारत निर्वासनमा रहँदा सिक्किम भारतमा विलय भएको घटना नजिकबाट हेरिरहनुभएका कोइरालालगायतका नेताले राष्ट्रियता एकता तथा मेलमिलापको नीति लिई आजभन्दा ४९ वर्ष अघि स्वदेश फर्केका थिए ।

# परिवर्तनको लागि प्रहरी भवन जलाइनु दुभार्ग्यपूर्णः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले राजनीतिक परिवर्तनको लागि प्रहरी भवन जलाइनु दुभार्ग्यपूर्ण भएको बताएका छन् ।

जनताको बीचमा आफ्नो एजेण्डा स्थापित गर्न खोज्दा विगतमा सशस्त्र जनयुद्ध र जेनजी आन्दोलनमा प्रहरी भवन सहित निजी सम्पत्ति माथि भएको आक्रमणले समाजलाई गलत दिशामा लैजाने उनले बताए । बुधबार इलाका प्रहरी कार्यालय खैरहनी, चितवनको नवनिर्मित भवनको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले भविष्यमा त्यस्ता गतिविधि हुन नदिन राजनीतिक नेतृत्वले संकल्प गर्नुपर्ने बताएका छन् । दलहरुले आन्दोलन गर्दा प्रहरीले दमन नगर्ने बताउँदै उनले तीव्र आक्रोशलाई नियन्त्रण गर्न खोज्दा हुने झडप स्वाभाविक भएको उल्लेख गरे ।

मुख्यमन्त्री बानियाँले प्रहरी कुनै दल र व्यक्तिको नहुने भएकोले प्रहरीले गर्ने काममा राजनीतिक दलहरुले सहयोग गर्नुपर्ने बताए । मुख्यमन्त्री बानियाँले प्रदेशमा सुरक्षा व्यवस्थालाई चुस्त बनाउन सरकार प्रतिबद्ध रहेको बताए । जनतालाई सेवा दिने सवालमा प्रदेश सरकार गम्भीर ढंगले अघि बढेको उनले दाबी गरे । मुख्यमन्त्री बानियाँले भयरहित ढंगले जनता निर्वाचनमा सहभागी हुने वातावरण बनाउन संघीय सरकारलाई आग्रह गरेका छन् । जेनजी आन्दोलनको क्रममा लुटिएका हतियार, भागेका कैदीको कारण निर्वाचनमा जनता उत्साह पूर्वकरुपले सहभागी हुने वातावरण बनि नसकेको उनले बताए ।

मुख्यमन्त्री बानियाँले निर्वाचनको लागि वातावरण बनाउन प्रदेश सरकार संघीय सरकारसँग समन्वय गर्न तयार रहेको पनि उल्लेख गरे । मुख्यमन्त्री बानियाँले संविधानमा उल्लेख भएको सहकार्य, सहअस्तितव र समन्वयको सिद्धान्तलाई स्वीकार गर्दै प्रहरी प्रदेशको मातहात आइनसक्दा पनि प्रदेश सरकारले प्रहरी भवन निर्माण गरिरहेको बताए । कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, बागमती प्रदेश प्रहरीप्रमुख अरुण पौडेललगायतको उपस्थिति रहेको थियो । प्रदेश सरकारबाट विनियोजित ५ करोड ८५ लाखबाट कार्यालय भवन निर्माण गरिएको हो ।

# सरोकारवाला तथा लक्षित समूहसँग अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/नेपाल परिवार नियोजन संघ मक्वानपुरको आयोजनामा सरोकारवाला तथा लक्षित समूहसँग अन्तरक्रिया कार्यक्रम बुधबार हेटौंडामा सम्पन्न भएको छ ।

संघका सभापति ईश्वर पण्डितको सभाध्यक्षतामा भएको कार्यक्रममा परिवार नियोजन, प्रजनन स्वास्थ्य तथा यौन तथा प्रजनन अधिकारका विषयमा सरोकारवाला निकाय र लक्षित समूहबीच खुला छलफल गरिएको थियो । अन्तरक्रियामा सेवाको पहुँच, गुणस्तर सुधार तथा समुदायमा देखिएका चुनौती र समाधानका उपायबारे छलफल गरिएको संघका कर्मचारी महेश पाण्डेले जानकारी दिए । कार्यक्रमले परिवार नियोजन सेवाप्रति सचेतना अभिवृद्धि गर्न, सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्न तथा लक्षित समूहको आवश्यकता पहिचान गर्न सहयोग पुग्ने संघले जनाएको छ ।

कार्यक्रममा स्थानीय सरोकारवाला निकायका प्रतिनिधि, स्वास्थ्यकर्मी, समुदायका अगुवा तथा लक्षित समूहका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा संघका पूर्वसभापति निगम श्रेष्ठ, कोषाध्यक्ष फुलमान श्रेष्ठ र शाखा प्रबन्धक ममिता काशुलालागायतको उपस्थिति रहेको थियो ।

# राक्सीराङमा हाटबजार सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/दुर्गम गाउँबस्तीका कृषिजन्य उत्पादनको प्रबर्द्धनका लागि मकवानपुरको र ाक्सिराङ गाउँपालिकाले पाक्षिक हाटबजार सुरु गरेको छ ।

हरेक वर्षभैँ यसवर्ष पनि जाडोयाममा हाटबजार सञ्चालनमा ल्याइएको हो । राक्सिराङ गाउँपालिका-५ चैनपुरमा स्थापना भएको हाटबजार स्टलमा पुस १५ गतेबाट सुरु भएको हाटबजार जेठ १५ गतेसम्म हरेक महिनाको १ र १५ गते सञ्चालन हुने राक्सिराङ गाउँपालिका कृषि विकास शाखाले जनाएको छ । कृषि विकास शाखाप्रमुख कृष्ण डुम्रेका अनुसार पहिलो दिनको हाटबजारमा १६ वटा स्थानीय उपजका स्टल सहभागी भएका थिए । राक्सिराङ गाउँपालिकामा उत्पादन भएका तरुल, पिँडालु, कोदो, फापर, गहत, मास, मस्याङ, रायोको साग, चिउरीबाट उत्पादित मह लगायतका घरेलु खाद्य सामग्री हाटबजारमा उपलब्ध छन् ।

हाटबजारको उद्घाटन गर्दै जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले स्थानीय उत्पादनले रैथाने बाली जोगाउन महत्वपूर्ण भूमिका निर्बाह गर्ने बताएका छन् । कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले यो वर्षभरि नियमित र अर्गानिक खानेकुरा, फलफूल तथा तरकारी प्रदर्शन गर्ने किसान वा फर्मलाई प्रथम पुरस्कार ५० हजार, द्बितीय पुरस्कार २५ हजार र तृतीय पुरस्कार १० हजार उपलब्ध गराइने घोषणा गरे । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीयअधिकृत सन्देश मास्के सहित विभिन्न राजनीतिक पार्टी, सहकारीलगायत प्रतिनिधिले शुभकामना ब्यक्त गरे ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुषः १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

### सबै सार्वजनिक संरचनामा सर्वसुलभ र पहुँचयोग्य बनाइने

# बागमती प्रदेशमा ‘युनिभर्सल डिजाइन’ अनिवार्य गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेश, भौतिक पूर्वाधार निर्माणमा विश्वव्यापी मान्यता प्राप्त ‘युनिभर्सल डिजाइन’ (सर्वसुलभ डिजाइन) को निर्देशिका निर्माण गर्ने मन्त्रीस्तरीय निर्णय भएको छ ।

अब बन्ने प्रदेशका सबै सरकारी भवन, सडक र सार्वजनिक स्थलहरु अपाङ्गता भएका व्यक्ति (विशेषवर्ग), ज्येष्ठनागरिक, बालबालिका र सबै लिङ्गका लागि सहयोगी बिना नै सहजै प्रयोग गर्न सकिने गरी निर्माण गरिनेछ । २०८२ पुस १४ मा भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाको मन्त्रीस्तरीय निर्णयसँगै प्रदेशले ‘सार्वजनिक पूर्वाधार सर्वसुलभ डिजाइन निर्देशिका’ बनाउने प्रक्रिया सुरु गरेको हो । यो निर्देशिका लागू भएपछि बागमती प्रदेश अपाङ्गमैत्री र सर्वसुलभ पूर्वाधार निर्माणमा देशकै अग्रणी प्रदेश बन्नेछ । मन्त्री डा. देवकोटाका अनुसार यो योजना केवल अपाङ्गता भएका व्यक्तिका लागि मात्र नभई समाजका हरेक वर्गका लागि हो ।

‘हामीले बनाउने सडक र भवनहरुमा वृद्धवृद्धा, केटाकेटी र विशेष वर्ग (अपाङ्गता भएका व्यक्ति) ले कसैको सहाराबिना हिँडडुल गर्न पाउनुपर्छ भन्ने हाम्रो दृष्टिकोण हो,’ मन्त्री देवकोटाले भने, ‘सडकमा बाटो काट्दा दृष्टिविहीनलाई समेत सहज हुने गरी विश्वव्यापीरुपमा प्रचलित ‘युनिभर्सल डिजाइन’ को ग्लोबल कन्सेप्टलाई हामीले कार्यगत निर्देशिका मार्फत लागू गर्दैछौं ।’ मन्त्री देवकोटाले यो निर्देशिका प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायमा मात्र सीमित नहुने बताए । ‘प्रदेश सरकारले यो निर्देशिका क्याबिनेटबाट स्वीकृत गरेपछि आफ्ना संरचनामा अनिवार्य लागू गर्नेछ,’ उनले थपे, ‘यसका साथै बागमती प्रदेशका ११९ वटै स्थानीय तहलाई पनि यो निर्देशिका बमोजिम पूर्वाधार निर्माण गर्न हामी अनुरोध गर्छौं, ताकि पूरै प्रदेश नै पहुँचयोग्य बनोस् ।’

मन्त्रालयका सचिव ई.ईश्वरचन्द्र मरहट्ठाका अनुसार यो निर्देशिकाले र्‍याम्प, लिफ्ट, रेलिङ र दृष्टिविहीनका लागि विशेष संकेतलाई अनिवार्य गर्नेछ । ‘अहिले कार्यदलले यसको ड्राफ्टमा काम गरिरहेको छ । आगामी आर्थिक वर्षदेखि बन्ने सबै सार्वजनिक भवन र अफिस बिल्डिङमा यी सुविधा अनिवार्य राखिनेछ,’ सचिव मरहट्ठाले स्पष्ट पारे ।

मन्त्रालयका आवास, भवन तथा सहरी विकास महाशाखा प्रमुख एवं कार्यदल संयोजक ई. भूपेन्द्रकुमार यादवको अध्यक्षतामा ११ सदस्यीय विशेषज्ञ कार्यदल (टास्कफोर्स) गठन गरिएको छ । कार्यदलमा इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसका सिभिल र आर्किटेक्ट विभागका प्रतिनिधि, अपाङ्ग महासंघका नेतृत्व वर्ग र महिला अपाङ्गता भएका प्रतिनिधि र अटिजम सोसाईटीका प्रतिनिधि समावेश छन् ।

कार्यदलले ३ महिनाभित्र निर्देशिकाको अन्तिम मस्यौदा बुझाउने संयोजक यादवले जानकारी दिए । धेरैमा नयाँ मापदण्ड अपनाउँदा निर्माण लागत बढ्ने त्रास भएपनि त्यस्तो नहुने संयोजक यादवले प्रष्ट पारे । उनका अनुसार भएकै संरचनाको लम्बाई-चौडाईमा थोरै परिमार्जन गर्ने, र्‍याम्पहरुलाई व्यवस्थित गर्ने र डिजाइनलाई वैज्ञानिक बनाउने काम मात्र गरिनेछ । ‘लागत बढ्ने भन्दा पनि भएकै कुरालाई व्यवस्थित र सबैको पहुँचमा पुर्‍याउने हाम्रो लक्ष्य हो,’ उनले भने ।

निर्देशिका निर्माणमा विज्ञ सदस्यहरु सुदर्शन सुवेदी (कानूनविद् तथा पूर्वअध्यक्ष, अपाङ्ग महासंघ), जगदीश अधिकारी (निर्देशक, नेपाल अपाङ्ग मानवअधिकार केन्द्र), निर्मला धिताल (अध्यक्ष, अपाङ्गता भएका महिलाको महासंघ) र मुकुन्दहरि दाहाल (डाउन सिन्ड्रोमविज्ञ), प्राविधिक टोलीमा इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसको आर्किटेक्ट र सिभिल इन्जिनियरिङ विभागका प्रतिनिधि जस्ता विज्ञहरुले परामर्श दिनेछन् । ‘सीआरएस नेपाल’ले प्राविधिक सहयोग गर्ने संयोजक यादवले जानकारी दिए ।

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.को शेयरधनी महानुभावहरुमा**

**वार्षिक साधारणसभा सम्बन्धी अत्यन्त जरुरी सूचना !**

मिति २०८२/०९/११ गते शुक्रवारका दिन बसेको यस कम्पनीको संचालक समितिको बैठक निर्णय मुताविक यस कम्पनीको सातौं बार्षिक साधारण सभा तपसिल बमोजिमको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरूः**

१. आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन सम्बन्धमा
२. आ.व.२०८१/०८२को आय-व्यय सम्बन्धमा ।
३. लेखा परीक्षकको नियुक्ति सम्बन्धमा ।
४. कम्पनीको नाममा हेटौंडा-३ मा रहेको जग्गा बिक्री गर्ने सम्बन्धमा ।
५. कम्पनीको नाममा सिद्धार्थ बैंक लि.मा रहेको कर्जा चुक्ता गर्ने सम्बन्धमा ।
६. विविध ।

**कार्यक्रमः**

मितिः २०८२/०९/२९ गते, मंगलवार
समयः दिनको १:०० बजे
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, हेटौंडा-४, पारिजातपथ, मकवानपुर

सरोजकुमार खनाल
प्रवन्ध संचालक

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.**
हेटौंडा-४, पारिजातपथ, मकवानपुर । फोनः ०५७-५२०६७०

# थाहाको शिखर सहकारीको १५औं वार्षिक साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/थाहा नगरपालिकाको शिखरकोटमा रहेको शिखर बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा भएको छ ।

संस्थाका संस्थापक अध्यक्ष मधुसूदन बिष्टको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा संस्थाका संचालक समितिका सदस्य, उपसमिति संयोजक र सदस्यहरुको उपस्थिति थियो । सभामा संस्थाका अध्यक्ष मनोज रायमाझीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरे । अध्यक्ष रायमाझीले संस्थाले सदस्यलाई वित्तीय साक्षरता कार्यक्रम, शिक्षा सहयोग, स्वास्थ्य सचेतना र व्यावसायिक प्रवर्द्धन जस्ता कार्यलाई प्रतिवेदनमा समेटेका थिए । प्रतिवेदन अनुसार, आर्थिक वर्ष २०८१/८२ मा संस्थाले संस्थागत विकास र वित्तीय क्षमता दुवै पक्षमा सकारात्मक सुधार हासिल गरेको छ ।

सामाजिक उत्तरदायित्वको हिस्सास्वरुप संस्थाले सदस्य सन्तती छात्रवृत्ति, सहकारीमा उत्कृष्ट वित्तीय कारोबार गर्ने सदस्यलाई पुरस्कृत, कर्मचारी सम्मान र वृद्ध सदस्य सम्मान जस्ता कार्यक्रमलाई निरन्तरता दिएको छ । आगामी वर्षमा, संस्थाले व्यावसायिकता र मितव्ययी व्यवहारमा जोड दिने, ऋणीको आर्थिक विश्लेषण र ऋणको जोखिम घटाउन अनुगमन गर्ने योजना रहेको अध्यक्ष रायमाझीले जानकारी दिए । कोषाध्यक्ष निरज रायमाझीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा हाल १४ सय ९८ शेयर सदस्य रहेको र शेयरपूँजी १ करोड ४४ लाख २३ हजार ८ सय पुगेको जानकारी दिए ।

संस्थाले निक्षेप संकलन ८ करोड ३१ लाख ५५ हजार ४ सय र ऋण लगानी ८ करोड ४९ लाख गरेको, जसको आम्दानी १ करोड ३० लाख ५६ हजार २४ रुपैयाँ रहेको छ । संस्थाको कुल सम्पत्ति ११ करोड ७ लाख नाघेको प्रतिवेदनमा उल्लेख छ । पालुङ जेसीज सभाहलमा भएको सभामा लेखासमिति संयोजक लक्ष्मी कार्कीले संस्थाको आर्थिक पारदर्शिता र सुशासनमा ध्यानाकर्षण गराउँदै वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । संस्थाले सहकार्य गर्ने संस्था च्वाइस नेपाल र उत्कृष्ट कारोबार गर्ने सदस्यलाई विशेष सम्मान गरेको थियो ।

**नेपाल सरकार**
**गृह मन्त्रलय**
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

*प्रकाशित मितिः २०८२।०९।१७*

यस कार्यालयबाट मिति २०८२।०८।०८ गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको Supply and delivery of Two–Wheeler Motorcycles/Bikes कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (With VAT) |
|---|---|---|---|---|
| 01 | NCB/BPPO/ Bike/01/2082/83 | Supply and delivery of Two-Wheeler Motorcycles/Bikes at Bagmati Province Police Office Hetauda | Jagdamaba Motors Pvt. Ltd. Laxmibabu Bhawan Naxal Kathmandu | 95,70,000.00 |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना